माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम

कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
च. नं.

**विषयः क्याटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना**

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/१२/१२)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ परिच्छेद छ को नियम ३१(ख) तथा उत्पादक तथा आधिकृत बिकेताद्धारा निर्धारित दरमा (क्याटलग सिपङ्ग) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम यस कार्यालयले चालू आ.व. २०८१/०८२ को लागि सवारी साधन (मोटरसाइकल) खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०७६४ को नियम ३१ (ख) १ अनुसार ७ (सात) दिनको १२:०० बजेभित्र तपशीलका शर्तहरुको अधीनमा रही इच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक/अधिकृत बिक्रेताहरुले शिलबन्दी प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचनाको विस्तृत विवरण कार्यालयको वेब साइट ***www.mansebungmun.gov.np*** मा राखिएको छ ।

तपशीलः

१. ईच्छुक इजाजत प्राप्त कम्पनी वा त्यसका आधिकारीक विक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाण पत्र, सो आ.व. २०८१/०८२ को लागि नवीकरण भएको, भ्याट/पान दर्ता प्रमाण पत्र, कम्पनीको आधिकारिक पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण को प्रतिलिपि पत्र समावेश गरी यस कार्यालयमा प्रस्ताव दर्ता गर्न सकिने छ ।

२. यो सूचना प्रकाशित भएको मितिले सात दिन दिनको १२:०० बजेसम्म सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारी विक्रेताले उत्पादनको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहतिको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यस कार्यालयमा पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।

३. शिलबन्दी प्रस्ताव पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिर्वाय रुपमा पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी प्रस्ताव राखिएको खाम बाहिर कार्यालयको नाम र ठेगनां उल्लेख गरी शिलबन्दी गरिएको हुनु पर्नेछ ।

५. यसरी दर्ता हुन आएका शिलबन्दी प्रस्तावहरु साँतौं दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रहोवरमा खोलिने छ । प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इभाङ, इलाम
कोशी प्रदेश, नेपाल


पत्र संख्याः २०८१/०८२
च. नं.

६. सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित स्वीकृत प्रस्तावदातासँग खरिद सम्झौता गरिनेछ ।

७. शिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको मोटरसाइकल गाउँ कार्यपालिकाको कार्यालय इभाङ, इलाम सम्म वा सम्झौता अनुसार ढुवानी गर्नु पर्नेछ ।

८. अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९. कुनै शर्त राखी पेश गरिएको शिलबन्दी प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सूचनाको शर्त विपरीत भएको, कार्यालयबाट उपलब्ध गराइएको स्पेसिफिकेशनमा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारबाही गरिने छैन ।

११. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

खरिद सम्बन्धी बिवरण

| क.सं | सवारी साधनको विवरण | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Dirt type motor Bike | • 4 stroke, 4 valve 200cc, oil cooled<br>• Torque not less then 17Nm@6500 rpm<br>• Max, Power not less then 18Ps@8500rpm | १ | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत स्पेसिफिकेशन बमोजिम हुनेछ । |
| २ | 160 cc motor Bike | • 4 stroke, 160 cc, oil cooled<br>• Torque not less then 14 Nm<br>• Max, Power not less then 17 Ps | १ | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत